त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिङ अध्ययन संस्थान
# पुल्चोक क्याम्पस
पुल्चोक, ललितपुर

मिति: २०७१।०८।१९

## स्नातकोत्तर तह M. Sc. कार्यक्रममा भर्नाका लागि पुनः आवेदन सम्बन्धी सूचना ।

शैक्षिक बर्ष २०७१।०७२ मा यस क्याम्पसको स्नातकोत्तर M. Sc. तहमा भर्ना भएका केही विद्यार्थीहरुले भर्ना रद्द गरी निम्न बमोजिम कार्यक्रमहरुमा स्थान रिक्त रहन गएकोले रिक्त स्थानहरुमा भर्ना हुन चाहने आवेदकहरुको लागि पुनः आवेदन फाराम भरी बुझाउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

- पुनः आवेदनका लागि २०७१ मंसिर २१ र २२ गते ११:०० बजेदेखि २:०० बजेसम्म पुल्चोक क्याम्पसको सूचना प्रविधि केन्द्रमा उपलब्ध फाराम भरी बुझाउनु पर्नेछ । फाराम शुल्क रु. २००।- लाग्नेछ । एक भन्दा बढी विषयको लागि प्रति विषय रु २००।- थप लाग्नेछ ।
- इन्जिनियरिंग अध्ययन संस्थान अन्तर्गतका कुनै पनि आंगिक क्याम्पसमा भर्ना भएकाहरु बाहेक इन्जिनियरिंग अध्ययन संस्थानव्दारा लिइएको प्रवेश परीक्षामा सम्मिलित भई उत्तीर्ण भएका आवेदकहरुले पुनः आवेदन दिन सक्नेछन् ।
- हाल रिक्त सिट संख्या :

| Program | Vacant Seats | |
|---|---|---|
| | Full-Fee | Regular |
| Disaster Risk Management | 1 | 2 |
| Energy System Planning & Mgmt. | 1 | - |
| Environmental | 3 | 2 |
| Construction Management | 1 | - |
| Transportation | 1 | - |
| Urban Planning | 1 | 2 |
| Water Resources (Regular / Full-Fee) | 1 | |
| Technology & Innovation Mgmt. | 1 | 2 |
| Climate Change | 1 | 3 |

- कक्षा शुरुभई रिक्त भएको स्थानमा आवेदन आव्हान गरिएको हुनाले
  - ✓ इन्जिनियरिंग अध्ययन संस्थान अन्तर्गतका आंगिक क्याम्पसहरुमा भर्ना भएका बिद्यार्थीहरुले आवेदन दिन पाउने छैनन् ।
  - ✓ कक्षा शुरुभइसकेपछि भर्ना रद्द गरेकाहरुले आवेदन दिन पाउने छैनन् ।
- उपरोक्त आवेदकहरुले दिएको आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार मुख्य भर्ना सूची र बैकल्पिक सूची प्रकाशन गरी भर्ना गरिनेछ । मुख्य सूचीमा भएका आवेदकले भर्ना नगरी स्थान रिक्त रहन गएमा बैकल्पिक सूची अनुसार क्रमशः भर्ना गरिनेछ ।
- कुनै कार्यक्रमको नियमित तर्फको रिक्त रहेको स्थानमा भर्ना सूची प्रकाशन गर्दा सोही कार्यक्रममा पूर्णशुल्किय तर्फ भर्ना भइसकेको विद्यार्थीको योग्यताक्रम भन्दा कम योग्यताक्रम भएका आवेदकहरुको आवेदन परेको खण्डमा भर्ना भइसकेका पूर्णशुल्किय तर्फका विद्यार्थीलाई नियमित तर्फ स्थानान्तरण गर्ने गरी पूर्णशुल्किय कार्यक्रमका लागि भर्ना सूची प्रकाशन गरिनेछ र भर्ना सूची अनुसारका आवेदक पूर्णशुल्किय कार्यक्रममा भर्ना भइसकेको खण्डमा मात्र यस अघि भर्ना भइसकेका विद्यार्थीलाई नियमित तर्फ स्थानान्तरण गरिनेछ ।

त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिङ अध्ययन संस्थान

# पुल्चोक क्याम्पस

पुल्चोक, ललितपुर

## भर्ना सम्बन्धी कार्यक्रम

| भर्ना कार्यक्रम | मिति र समय |
|---|---|
| पुनः आवेदन फाराम भर्ने | २०७१ मंसिर २१ र २२ गते ११:०० बजेदेखि २:०० बजेसम्म |
| मुख्य तथा बैकल्पिक सूची प्रकाशन | २०७१ मंसिर २३ गते सांझ ७:०० बजे |
| प्रकाशित सूची उपर दावि विरोध | २०७१ मंसिर २४ गते बिहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म |
| संशोधित सूची प्रकाशन | २०७१ मंसिर २४ गते सांझ ७:०० बजे |
| मुख्य सूचीको भर्ना | २०७१ मंसिर २५ गते विहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म |
| मुख्य सूचीका विद्यार्थी भर्ना नभई स्थान रिक्त रहन आएमा सूचना प्रकाशन | २०७१ मंसिर २५ गते सांझ ७:०० बजे |
| बैकल्पिक सूचीको भर्ना (आवश्यकता अनुसार) | २०७१ मंसिर २६ गते बिहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म |

भर्ना सम्बन्धी सूचना तथा भर्ना सूची पुल्चोक क्याम्पसको Web Site: www.pcampus.edu.np अथवा www.ioe.edu.np मा पनि हेर्न सकिनेछ ।

भर्ना समिति २०७१
पुल्चोक क्याम्पस